नागार्जुन नगरपालिका
नागाङ्धन नगरयालिक
ན་གར་ཇུན་ ན་གར་པ་ལི་ཀ།
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं

फोन नं.: ०१-५६७१७१७
बागमती प्रदेश, नेपाल।

प.सं.:-०८२।८३
च.नं.:- 9266

मितिः २०८२/०७/१९
ने.सं.११४६ कछलाथ्व पुन्हि

विषयः स्पष्ट पारिएको सम्बन्धमा ।

श्री जो जससँग सम्बन्धित छ ।

उपरोक्त सम्बन्धमा मिति २०८२/०६/२३ र २४ गते जेन जी समूहको आन्दोलनका क्रममा तोडफोड र आगजनी भई नष्ट भएका अभिलेखहरुको सम्बन्धमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको प.सं.२०८२/८३, च.नं.१६४/११०७, मिति २०८२/०६/१४ गतेको क्षति भएका कार्यालयलाई गरेको परिपत्र अनुसार यस पालिका क्षेत्रको घर जग्गा सम्बन्धी कारोबार गर्ने मालपोत कार्यालय, कलंकीको घर जग्गाको मोठ श्रेस्ता, रोक्का किताब लगायतका अभिलेख जली नष्ट भएको सन्दर्भमा तपशिलको व्यहोरा स्पष्ट गरिएको सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध छ ।

तपशिलः

१. भूमि व्यवस्थापन तथा अभिलेख विभागको परिपत्र र सो साथ संलग्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको नीतिगत परिपत्रमा उल्लेख भए अनुसारका आवश्यक प्रमाण कागजात सहित मालपोत कार्यालय, कलंकीमा माग निवेदन गरी श्रेस्ता कायम लगायतका सेवा लिन जानुहुन ।
२. आगजनीमा जली नष्ट भएका अभिलेख पुनस्थापना गर्ने कार्य निरन्तर कायम रहने र उक्त कार्य गर्न हदम्याद नरहेको हुँदा एकै पटक सबै सेवाग्राही सेवा लिन जाँदा भिडभाड भई सेवा दिन र सेवा प्राप्त गर्न असहज हुने हुँदा तत्काल सेवा आवश्यक हुने सेवाग्राहीले मात्र सेवा लिन जानुहुन ।
३. मालपोत कार्यालयमा भएको अभिलेख जली नष्ट भएको हुँदा श्रेस्ता कायम गर्न आवश्यक प्रमाण कागजात सुरक्षित राख्नुहुन ।
४. सेवा लिन जाँदा तोकिएको राजस्व बाहेक गैर कानुनी रुपमा अतिरिक्त रकम माग गरेमा कार्यालय प्रमुखसँग वा अन्य नियामक निकायमा गुनासो राख्नुहुन ।

थप सहयोग र सहजिकरणको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

..................
(सुशिला अधिकारी)
का.वा. नगर प्रमुख

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

प.सं. २०८२/८३ च.नं. १६४ । ११०८ बबरमहल, काठमाण्डौं ।

मिति २०८२।०६।२४

विषय : परिपत्र

श्री भूमि सुधार तथा मालपोत कार्यालय, धनगढी कैलाली, नेपालगञ्ज बाँके, घोराही दाङ्ग र विराटनगर मोरङ्ग ।

श्री मालपोत कार्यालय, तुलसीपुर दाङ्ग, पोखरा कास्की, भरतपुर चितवन, खैरहनी चितवन, कलंकी काठमाडौ र बुटवल रुपन्देही ।

प्रस्तुत विषयमा मिति २०८२ भाद्र २३ र २४ गते जेन-जेड (GEN-Z) को आन्दोलनको क्रममा केही कार्यालयहरु पूर्ण रुपमा तथा केही कार्यालयहरु आंशिक रुपमा जलेर नष्ट भएको हुँदा स्रेस्ता तथा अभिलेख जलेका कार्यालयहरुमा मोठ स्रेस्ता तथा रोक्काको अभिलेखलाई साविक बमोजिम तयार गर्न र नियमित रुपमा कार्य संचालन गर्ने/गराउने सम्बन्धमा मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त विभिन्न ५ वटा मुख्यबुंदाहरुमा जलेर नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता, रोक्का अभिलेख तयार गर्न/गराउन नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०८२/०६/२३ को निर्णयानुसार अनुरोध छ भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. १७९ मिति २०८२/०६/२४ को पत्रानुसार निर्देशन हुन आएकोले सोही बमोजिम गर्नु/गराउनु हुन प्राप्त परिपत्र पाना थान ३(तीन) यसैसाथ संलग्न गरी तहाँ कार्यालयको इमेल ठेगानामा पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८२।६।२४

(कुल प्रसाद पराजुली)
शाखा अधिकृत



महानिर्देशक: ५३२३०४९, निर्देशक प्रशासन:५३२५९८२, निर्देशक योजना:५३२६९८८, निर्देशक भू.सू. प्र.शाखा :५३३९५५७ क.प्र. शाखा:५३६६४९३, आ. प्र. शाखा:५३६६४९३,
फ्याक्स: ०१-५३३०५८५ Email: info@dolma.gov.npwebsite: WWW.dolrm.gov.np

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

प.सं. २.१./ज.प्र./०८२/८३ जा. हि. १२/५५
च.नं. १५९

मितिः २०८२/०६/२४
नेपाल सम्वत् ११४५

विषयः- नीतिगत परिपत्र सम्बन्धमा।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाडौं।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग
दर्ता नं.: २८४६
मितिः ६/२४

मिति २०८२ साल भाद्र २३ र २४ गते Gen-Z आन्दोलनको क्रममा केही भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयहरू पूर्ण तथा आंशिक रुपमा जलेर नष्ट भएको हुँदा स्रेस्ता तथा अभिलेख जलेका कार्यालयहरूमा मोठ स्रेस्ता तथा रोक्काको अभिलेखलाई साविक बमोजिम तयार गर्न र नियमित रुपमा कार्य सञ्चालन गर्ने/गराउने सम्वन्धमा मालपोत ऐन, २०३४ र मालपोत नियमावली, २०३६ तथा भूमि प्रशासन निर्देशिका, २०८१ मा भएका व्यवस्थाका अतिरिक्त तपसिलमा उल्लिखित विभिन्न ५(पाँच) वटा मुख्य बुँदाहरूमा जलेर नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता, रोक्का अभिलेख तयार गर्न/गराउन हुन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८२/०६/२३ को निर्णयानुसार अनुरोध छ।

तपसिलः

**१. नष्ट भएको जग्गाधनी दर्ता स्रेस्ता तयार गर्ने सम्बन्धमा कार्यालयले निम्न आधारहरु लिई स्रेस्ता तयार गर्नेः-**

क. जग्गाधनीसँग भएको सक्कल जग्गाधनी दर्ता प्रमाण पुर्जा र LRIMS मा भएको अभिलेख भिडेमा प्रणालीवाट त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

ख. बुँदा (क) बमोजिम अभिलेख फरक पर्न गएमा Document Management System (DMS) मा भएको अभिलेखसँग भिडान गर्ने र अभिलेख भिडेको अवस्थामा LRIMS मा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

ग. बुँदा (क) र (ख) मा समेत विवरण नभिडेमा तामेलीमा रहेको अभिलेख भिडेको अवस्थामा LRIMS मा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

घ. बुँदा (क), (ख) र (ग) मा समेत विवरण नभिडेमा DLIS को अभिलेख, नापी कार्यालयमा रहेको फिल्डबुक तथा प्लटरजिष्टर, नक्सा, स्थानीय तहमा रहेको मालपोत लगत र मालपोत वा सम्पत्ति कर बुझाएको रसिदलाई आधार मानि LRIMS मा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

६/२८

६/२८

०६/२८

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५



सिंहदरबार, काठमाडौं

ङ. बुँदा (क) देखि (घ) सम्मको व्यवस्था बमोजिम अभिलेख नभिडेमा वा जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा पारित लिखतको सक्कल प्रति पेश हुन आएमा वा बैंक तथा वित्तीय संस्था, अड्डा अदालत वा अन्य निकायमा पेश गरेको कागजात सम्बन्धित निकायबाट प्रमाणित प्रतिलिपि पेश भएमा स्थानीय तहबाट हक भोगको सिफारिस लिई सोको आधारमा LRIMS मा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

च. बुँदा (क) देखि (ङ) बमोजिम स्रेस्ता कायम गर्न प्रमाण पेश हुन नआएमा सार्वजनिक सूचना, हकभोगसम्बन्धी स्थलगत सर्जमिन र जानी जानी झुट्टा विवरण पेश गरेमा झुट्टा विवरण पेश गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारवाही सहुँला बुझाउँला भनि सम्बन्धित जग्गाधनीको कबुलियतनामा कागज गराई सोको आधारमा LRIMS मा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने।

छ. जग्गाधनी दर्ता प्रमाण पुर्जा पेश नभएमा वा पेश भएको प्रमाणबाट एकिन हुन नसकिएमा आवश्यकता अनुसार हकभोगसम्बन्धी स्थानीय तहको सिफारिस, स्थलगत सर्जमिन र सार्वजनिक सूचना गर्न सकिने छ।

ज. नष्ट भएका जग्गाधनी दर्ता स्रेस्ता कायम गर्दा नापी कार्यालयको फिल्डबुक, प्लट रजिष्टर, नक्सा, मालपोत कार्यालयको तामेली अभिलेख, व्यक्तिसँग भएको सक्कल पारित लिखत र LRIMS प्रणालीको रेकर्डबाट सरकारी सार्वजनिक तथा दर्ता बाँकी जग्गा हो होइन एकिन गर्नुपर्नेछ।

झ. नष्ट भएका जग्गाको जग्गाधनी दर्ता स्रेस्ता कायम गर्दा निवेदकलाई सो जग्गा सरकारी सार्वजनिक नभएको, कुनै पनि व्यहोराबाट हक हस्तानन्तरण नगरेको, रोक्का रहे/नरहेको खुलाई निजकै हकभोग भित्रको दर्ता भएको जग्गा हो भन्ने व्यहोराको कबुलियतनामा कागज गराई राख्नुपर्नेछ।

ञ. नष्ट भएका जग्गाको जग्गाधनी दर्ता स्रेस्ता कायम गर्दा कार्यालयले निर्णय गरी पुर्जा र स्रेस्तामा कैफियत जनाई प्रमाणित गरी LRIMS मा अपलोड गर्नुपर्नेछ।

**२. नष्ट भएको रोक्का लगत सम्बन्धमा**

नष्ट भएको रोक्का अभिलेखलाई अद्यावधिक गर्न निम्न प्रक्रिया अपनाई कारवाही अगाडि बढाउने

क. LRIMS प्रणालीमा भएको रोक्का रेकर्डलाई साविक गा.वि.स. अनुसार प्रिन्ट गरी रोक्का किताब तयार गर्ने र DMS मा रहेको अभिलेख भिडाई अद्यावधिक गर्ने।

ख. रोक्का राख्ने संवैधानिक निकाय, बैंक तथा वित्तीय संस्था, प्रशासनिक निकाय तथा न्यायिक निकायहरुलाई रोक्का राखिएको अचल सम्पतिको विवरण उपलब्ध गराई दिन पत्राचार गर्ने र प्राप्त विवरणलाइ भिडाई अभिलेख अद्यावधिक गर्ने।

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन शाखा)

फोन नं. ४२११६६१
४२११६३२
४२११८५२
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

ग. कार्यालयको कुनै पनि अभिलेखबाट रोक्का रहेको विवरण खुल्न आएमा सोलाई समेत आधार लिई अभिलेख अद्यावधिक गर्ने।

घ. रावल आयोगको प्रतिवेदनमा उल्लेख भएको कित्ताका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट अभिलेख माग गरी रोक्का विवरण अद्यावधिक गर्ने।

ङ. भूमि सम्बन्धी ऐन नियम बमोजिम (हदबन्दी र अनिवार्य वचत आदी) रोक्का राखिएका जग्गाको अभिलेख भूमिसुधार तथा मालपोत कार्यालयवाट माग गरी अद्यावधिक गर्ने।

च. अन्य कुनै माध्यम मार्फत् रोक्का रहेको जानकारी प्राप्त हुन आएमा सोको एकिन गरी अभिलेख अद्यावधिक गर्ने।

**३. लिखत पारित गर्ने सम्बन्धमा**

नष्ट भएको स्रेस्ता अद्यावधिक भएपछि उक्त स्रेस्ताबाट कारोबार गर्दा ऋणी धनी दुवैलाई सो व्यहोराको जानकारी दिई लिखत पारित गर्ने व्यवस्था मिलाउने।

४. जग्गादर्ता वा मोही बाँडफाँडको लागि परेका निवेदन वा निर्णय भई स्रेस्ता कायम गर्न बाँकी भएका जग्गाको हकमा मिसिल दर्ता डायरी, राय किताव र व्यक्तिसँग रहेको प्रमाणित प्रतिलिपिलाई आधार मानि मिसिल खडा गर्न सकिने छ।

५. बुँदा ४ बमोजिमको विवरण समेत नभएमा जग्गा दर्ता वा मोही बाँडफाँडको लागि नेपाल राजपत्रमा तोकिएको समय सीमाभित्र पुनः निवेदन गर्नका लागि सार्वजनिक सूचना गर्ने।

(जीवनराज सेढाईं)
उपसचिव